जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३८ पृष्ठः ४ | २०८२ जेठ १२ गते सोमबार (Monday 26 May 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## क्याम्पस प्रमुख साहको राजिनामा माँग्दै विद्यार्थीले लगाए ताला



सिरहा, ११ जेठ। सिरहाको गोलबजार ४ रामप्रताप रामप्रसाद तामाङ जनता बहुमुखि क्याम्पसका विद्यार्थीहरुले मुख्य गेटमै तालाबन्दी गरेका छन्। क्याम्पस प्रमुख किशोर कुमार साहको राजिनामा माँग गर्दै विद्यार्थीहरुल तालाबन्दी गरेका हुन्। तालाबन्दी गर्नु अघि विद्यार्थीहरुले क्याम्पस प्रमुख साहविरुद्ध नाराबाजी गर्दै निकालेको जुलुसले बजार परिक्रमा गरेका थिए। उनीहरुले भ्रष्टाचार, फर्जि क्याम्पस प्रमुख नियुक्ति, कोषको दुरुपयोग र प्रशासनिक दुर्व्यवहारजस्ता कार्यमा संलग्न भएको आरोप लगाउँदै क्याम्पस प्रमुख साहको राजीनामा माँग सहित २४ घण्टे अल्टी मेटम दिएका थिए।

क्यापस सञ्चालक समिति र प्रशासनले विद्यार्थीको माँगप्रति वेवास्ता गरेको भन्दै क्याम्पसको मुल गेट र क्याम्पस प्रमुखको कार्यालयमा ताला लगाएको हो। विद्यार्थीले कुनै पनि शिक्षक समयमा उपस्थित नहुने, प्रत्यक दिन कुनै न कुनै घन्टी खाली रहने र विद्यार्थीसँग चर्को शुल्क लिएपनि त्यस अनुसारको सुविधा उपलब्ध नभएको बताए। उनीहरुले प्रत्यक दिन पढाई प्रभावित हुने, पुस्तकालयको व्यवस्थापन राम्रो व्यस्था नहुनु क्याम्पसको विडम्वना भएको बताए। विद्यार्थीहरुले बुझाएको ज्ञापनपत्र अनुसार माँगहरू पूरा नभए आफूहरु सडकमा उत्रन बाध्य हुने चेतावनी दिएका छन्। उनीहरुले सडकमा हुने सवैखालका परीणामको जिम्मेवारी क्याम्पस प्रशासनले लिनुपर्ने बताए।

विद्यार्थीहरुले जेठ १० शुक्रवार ज्ञापन पत्र क्याम्पस प्रमुख शाहलाई बुझाइएका थिए। क्याम्पस प्रमुखले विद्यार्थीसँग गरेको सम्झौता अनुसार बैठक नबसाएकाले आज क्याम्पसमा तालाबन्दी गर्न बाध्य भएको बताए। उनीहरुले पुस्तकालयको उचित व्यवस्थापन हुनु पर्ने, क्याम्पसमा परीक्षा केन्द्र पुनः स्थापना हुनुपर्ने माँग गर्दै आएका छन्।

## मधेस प्रदेशमा निर्जीवन बिमाबाट दुई अर्ब १५ करोड संकलन

पर्सा, ११ जेठ। नेपाल बिमा प्राधिकरण मधेस प्रदेश कार्यालयले चालु आर्थिक वर्षको नौ महिनामा निर्जीवन बिमातर्फ दुई अर्ब १५ करोड ७६ लाख बिमा शुल्क संकलन गरेको छ। सोही अवधिमा भने निर्जीवन बिमातर्फ जारी बिमा लेख संख्या भने दुई लाख ५९ हजार ४७५ रहेको छ। निर्जीवन बिमातर्फ सात हजार १२४ संख्याले एक अर्ब ६० करोड २६ लाख रकम दाबी भुक्तानी माग गरेका छन्। तर, कार्यालयले सो माग गरेकामध्ये पाँच हजार ५८५ जनालाई एक अर्ब आठ करोड ४३ करोड दाबी भुक्तानी गरेको जनाएको छ।

नेपाल बिमा प्राधिकरण मधेस प्रदेश कार्यालय प्रमुख प्रीति देवले मधेस प्रदेशमा पर्याप्त जनचेतनाको अभावले बिमाप्रति सर्वसाधारणको आकर्षण अपेक्षाकृत रुपमा बढ्न नसकेको गुनासो गरे। 'हामीले बिमा सम्बन्धित साक्षारता अभियान सञ्चालन गर्दै आइरहेका छौँ,' उनले भने, 'आगामी दिनमा बिमाको पहुँच अभिवृद्धि हुनेमा आशावादी रहेका छौँ।' कार्यालयले चालु आवको नौ महिनामा जीवन बिमा शुल्कबापत ११ अर्ब १६ करोड ७९ लाख रकम संकलन गरेको छ। सो अवधिमा मधेस प्रदेशमा ८६ हजार छ सय ७० वटा जीवन बिमाको बिमालेख संख्या रहेको छ। जीवन बिमा शुल्क संकलनमा मधेस प्रदेशको हिस्सा नौ दशमलव २४ प्रतिशत

–बाँकी दुई पेजमा

## आँगनमा माटो भर्ने क्रममा ट्र्याक्टरले ठक्कर दिँदा मृत्यु

सर्लाही, ११ जेठ। सर्लाहीको बसबरिया गाउँपालिका ६ मनटोलमा ट्र्याक्टरको ठक्करबाट एक वृद्धाको ज्यान गएको छ। शनिबार दिउँसो करिब १ बजेतिर स्थानीय ६५ वर्षीय अमिरी पासवानलाई माटो पुर्ने क्रममा ज १ त ९५६४ नम्बरको ट्र्याक्टरको पछाडिको भागले ठक्कर दिएको हो। आँगनमा माटो पुर्दै गर्दा ट्र्याक्टरमा जडान गरिएको टेलर ब्याक गर्दा टाउकोमा गम्भीर चोट लागेका पासवानको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको र ट्र्याक्टरलाई घटनास्थलमै सुरक्षित राखिएको प्रहरीले जनाएको छ। ट्र्याक्टर चालक भने फरार भएका छन्। दुर्घटनास्थल इलाका प्रहरी कार्यालय हीरापुरबाट करिब ४ किलोमिटर पूर्वमा पर्छ।

## अब कृषकलाई सिँचाइ र कृषि मिटरको झन्झट रहेन




**विद्यानन्द राम**

राजविराज, ११ जेठ। सिँचाइका लागि कृषि मिटर र बिल तिर्नुपर्ने समस्याबाट किसानलाई मुक्त गर्न सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाले ट्रान्स्फर्मर र मास्टरमिटर जडान गरेको छ। तीन वर्षदेखि कृषि मिटरको बिल नगरपालिकाले नै तिर्दै आएको थियो। तर, मिटर जडान गर्न र नगरपालिकासम्म मासिक बिल ल्याइदिनका लागि दौडधुप गर्नुपर्दा किसानलाई समस्या भइरहेको थियो। ती समस्या अन्त्य गर्न तथा किसानलाई सहज पार्न नगरपालिकाले ट्रान्स्फर्मर र मास्टरमिटर जडान गरेको हो।

अहिलेसम्म १४ मध्ये ७ वटा वडामा ७ वटा ट्रान्स्फर्मरसहित ७ वटा मास्टरमिटर जडान गरी विद्युत् प्रवाह

–बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## कृषि उत्पादन बढाऔं ।

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्रांग्रारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,
- कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसंग सल्लाह सुझाव लिऊँ,

कृषि पेशाको सम्मान गरौ, कृषकलाई प्रोत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## ‘भिजिट भिसा’ प्रकरणमा गृहमन्त्रीको राजीनामा उचित

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भिजिट भिसामा विदेश जानेहरूसँग अनुचित रकम लिएर भ्रष्टाचार गरेको आरोपमा गृह मन्त्रालयका सहसचिवलगायत माथि छानबिन थालेको छ। यसअघि अख्तियारले विमानस्थलमा रहेको अध्यागमन कार्यालयमा छापा मारेर कागजपत्र नियन्त्रणमा लिएको थियो। अध्यागमनमा अख्तियारको छापापछि गृहमन्त्री रमेश लेखकमाथि पनि प्रश्न उठाइन सुरु भएको छ। नेपाली कांग्रेसकै नेताले मन्त्री लेखकले नैतिकता देखाएर राजीनामा दिनु उपयुक्त हुने भनेका छन् भने विपक्षी दलहरूका नेताहरूले त यसै पनि भन्ने नै भए।

गृहमन्त्री लेखकले भने ‘भिजिट भिसा’ प्रकरणमात्र होइन कुनै पनि प्रकारको अनुचित आर्थिक प्रलोभनमा परेको साबित भए राजनीति नै छाड्ने भन्दै आफूलाई मुछ्ने षड्यन्त्र भएको गुनासो गरेका छन्। हुन पनि लेखक कांग्रेसका अपेक्षाकृत स्वच्छ नेतामध्येका मानिन्छन्। भिजिट भिसा काण्ड वर्तमान गृहमन्त्री लेखकका कार्यकालमा मात्र सुरु भएको पक्कै होइन। र सायद, सबै यस्तै रहे भविष्यमा रोकिने पनि छैन। यस्तै कसैले यस प्रकरणमा अहिलेसम्म गृहमन्त्री लेखकलाई पोलेको पनि सार्वजनिक भएको छैन।

यति ठूलो काण्डको अभियोग लागेका कर्मचारीका तालुकवालाहरू प्रत्यक्ष संलग्न नदेखिए पनि पदबाट हट्नै पर्ने २ वटा आधार छन्। पहिले यस्तो काण्डको सुइँको नै नपाएका हुन् भने ती गृह जस्तो मन्त्रालयको नेतृत्वका लागि योग्य नै छैनन्। दोस्रो, थाहा पाएर मौन रहेका हुन् भने तिनीहरू पक्कै मतियार हुन्। मातहतका उच्च अधिकृत छानबिनमा तानिएपछि मुद्दा दायर नहुँदासम्म सरकारले सचिवलाई जगेडामा राख्ने र मन्त्रीले राजीनामा गर्ने अभ्यास सुरु गर्ने हो जनमानसमा पनि राज्यप्रति विश्वास जाग्नेछ। यस्ता मामिलामा मन्त्रीमात्र होइन सचिवलाई पनि जिम्मेवार बनाउने अभ्यास थालनी गरिएमा भ्रष्टाचार पक्कै कम हुन्छ। व्यक्तिले आफ्नो नैतिक स्वच्छता देखाउने त स्वेच्छाले नै हो। कसुर ठहर भएपछि त राजीनामा दिएर पुग्दैन सजाय नै भोग्नुपरिहाल्छ। यसैले पनि अपेक्षाकृत स्वच्छ छविका रमेश लेखकबाट नैतिक जिम्मेवारी लिएर राजीनामाको अपेक्षा समाजले गरेको हुनुपर्छ। जनमानसलाई निराश नबनाइयोस्।

परिबन्दै सही गृह मन्त्रालयको नेतृत्व सन्देहको घेरामा छ। यसैले पनि मन्त्री र सचिवले मातहतबाट भएका कामकाजको नैतिक जिम्मेवारी लिने अभ्यास थालनी गर्नुपर्छ। अनिमात्र सरकार सुशासनप्रति प्रतिबद्ध रहेको सन्देश जानेछ। आशा गरौँ, ‘सुशासन’का लागि गठन भएको वर्तमान सरकारले नैतिक अभ्यासको पनि थालनी गर्नेछ।

### अब कृषकलाई...

भइरहेको नगरप्रमुख वीरेन्द्र माझीले जानकारी दिए। ‘दौडधुपको समस्या त थियो नै, यहाँका केही किसानले जग्गाधनी प्रमाणपत्रको समस्याले पनि कृषि मिटर जडान गर्न पाएका थिएनन्’ उनले भने, ‘अब किसानलाई सिँचाइ गर्न कुनै झन्झट छैन्, सिँचाइका लागि मास्टरमिटरबाटै सबैतिर विद्युत् प्रवाह भइरहेको छ भने मास्टरमिटरको बिल नगरपालिकाले तिर्छ।’

उनकाअनुसार चालु आर्थिक वर्षमा नगरपालिकाको ६० लाख र मधेश प्रदेश सरकारबाट पाएको ९५ लाख रुपैयाँ गरी कूल १ करोड ५५ लाख रुपैयाँको लगानीमा कृषि विद्युतीकरण योजना ल्याइएको छ। नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता गरेर अघि सारिएको सो योजना अन्तर्गत आगामी वर्षमा अन्य वडामा पनि ट्रान्स्फर्मर र मास्टरमिटर जडान गर्ने नगरपालिकाको योजना रहेको छ। कूल ५१ हजार ९ सय २६ परिवार रहेको सो नगरपालिकाका अधिकांश परिवारको दैनिकी कृषिमा आधारित छ।

**अति विपन्न र दलित समुदायका किसानलाई ‘कृषक एटीएम कार्ड’**

अति विपन्न तथा दलित समुदायका किसानलाई लक्षित गरी सप्तरीको बलान बिहुल गाउँपालिकामा प्रदान गरिएको ‘कृषक एटीएम कार्ड’ बाट ७ सय ८० किसानले सहुलियत पाएका छन्। गाउँपालिकाले राष्ट्रिय कृषक समूह संघ नेपाल र केयर नेपालसँगको सहयोगमा ०८१ जेठदेखि ‘कृषक एटीएम कार्ड’ सुरु गरेको थियो। अनुदान स्वरुप पाएको ‘कृषक एटीएम कार्ड’बाट अहिलेसम्म ७ सय ८० अति विपन्न तथा दलित समुदायका किसानले सेवा लिइसकेको गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले बताए। ‘किसानले सो एटीएमबाट१४ हजार ५ सयसम्म कृषि सामग्री सहुलियतमा पाएका छन्,’ उनले भने, ‘सहुलियत पाउँदा किसानले माछा पालन, खुकुरा पालन, तरकारी खेती अन्य नगदे कृषि व्यवसाय गरिरहेका छन्।’

### मधेस प्रदेशमा...

रहेको छ।

चैतसम्ममा जीवन बिमातर्फको दाबी भुक्तानी संख्या १७ हजार २६८ बाट रु दुई अर्ब ५४ करोड ६० लाख दाबी भुक्तानी गरेको छ। कार्यालयले गत आवको वर्षभरिमा भने जीवन बिमाकोतर्फको दाबी भुक्तानी संख्या २१ हजार ९०४ संख्याबाट दुई अर्ब ८७ करोड ७४ लाख रकम भुक्तानी गरेको थियो।

# न्यायपालिकाको संरचनागत फेरबदल !

**सतिस दाहाल**

सर्वोच्च अदालतमा चलिरहेको आफ्नो मुद्दामा तारेख लिन ६५ वर्षीय शालिकराम अहिर बर्दियाको बाँसगढीदेखि काठमाडौँसम्म साइकलमा आए। ०८१ माघ ५ गतेका लागि तोकिएको पेसीमा हाजिर हुन उनी ११ दिन लगाएर माघ ४ गते नै काठमाडौँ आएका थिए। यस समाचारले सामाजिक सञ्जालमा चर्चा पायो। यस घटनालाई दुई कोणबाट व्याख्या गर्न सकिन्छ। पहिलो, यसले आम मानिसको अदालतप्रति रहेको अगाध सम्मान र विश्वास दर्शाएको छ, किनकि न्यायपालिकामा विश्वास हुँदैनथ्यो भने त्यो यात्रा गर्ने साहस आउँदैनथ्यो होला। दोस्रो, यसले नेपालको संविधान र ऐन–कानुनले परिकल्पना गरेको अदालतको संरचनामा परिवर्तनको आवश्यकतालाई औँल्याएको छ। यसले न्यायपालिकाको संरचनामाथि गम्भीर प्रश्न उठाएको छ।

हाम्रो संविधानको भाग ११ मा न्यायपालिकासम्बन्धी व्यवस्था गरिएको छ र यसको धारा १२७ ले नेपालमा सर्वोच्च अदालत, उच्चअदालत र जिल्ला अदालत गरी तीन तहका अदालत रहनेछन् भनी न्यायपालिकाको तहगत संरचनाको व्यवस्था गरेको छ। नेपालको संविधानले संघीयतालाई संस्थागत गर्दै कार्यपालिकासँग सम्बन्धित अधिकार तथा व्यवस्थापकीय अधिकार संघीय सरकार मातहत मात्र नराखी प्रदेश तथा स्थानीय तहमा विभक्त गरेको छ, न्यायपालिकाको हकमा भने संघीय संरचनाको स्पष्ट अवलम्बन नगरी न्यायिक संरचनालाई सर्वोच्च अदालत मातहत राखिएको छ।

**न्यायिक समितिबारे आवश्यक छलफल**

राज्य संरचनालाई जनताको घरदैलोमा पुऱ्याउने, घरघर सिंहदरबार पुऱ्याउने भन्ने नीति अन्तर्गत संघीयता संस्थागत भए पनि न्यायपालिका घरदैलोमा पुग्ने संरचना भने संविधानले स्थापना गरेको छैन। सीमित अधिकार बोकेको न्यायिक समिति हरेक स्थानीय तहमा उपप्रमुख/उपाध्यक्षको नेतृत्वमा रहने भनी संविधानले व्यवस्था गरेको छ। यस न्यायिक समितिलाई केही सामान्य प्रकृतिका विवादमा मिलापत्र गराई मुद्दाको टुङ्गो लगाउने तथा केही मुद्दामा फैसला गरी मुद्दाको टुङ्गो लगाउने अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको छ।

विवादको निरूपण गर्न पाउने मुद्दामा मूलतः सामान्य प्रकृतिका घरायसी विवाद तथा सम्पत्तिसम्बन्धी विवाद रहेका छन्। मिलापत्र गर्न पाउने विषयका विवादमा भने लुटपिट, गाली–बेइज्जती, अनधिकृत प्रवेशदेखि व्यक्तिवादी भई दायर हुने देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद समेतलाई न्यायिक समितिको क्षेत्राधिकार अन्तर्गत राखिएको छ। आम मानिसका सामान्य विवादका मुद्दा न्यायिक समितिले हेर्न सक्छ तर गम्भीर प्रकृतिका मुद्दा हेर्न सक्दैन। जस्तो : यसले घर बहालसम्बन्धी कुनै विवादमा फैसला गर्न सक्छ, तर सो भाडा बहाल उठाउन वा फैसला कार्यान्वयन गर्ने कार्यका लागि भने यसलाई अधिकार सम्पन्न बनाइएको छैन। यसको सीमित अधिकार क्षेत्र र यसको प्रकृतिका कारण न्यायपालिका जनताको घर–दैलौमा पुगेको छ भनी अर्थ लगाउन मिल्दैन।

**कार्यान्वयन हुन नसकेको स्थानीय अदालत**

संविधानले स्थापना गरेको न्यायिक संरचना संघीय स्वरूपको नभए पनि केही संवैधानिक प्रावधानले विरोधाभासपूर्ण भिन्न व्यवस्था गरेको पाइन्छ। हाम्रो संविधानको अनुसूची ८ ले स्थानीय तहको अधिकारको सूची व्यवस्था गरेको छ। उक्त सूचीको क्र.स. १२ मा स्थानीय अदालतको परिकल्पना गरिएको छ। हालसम्म कुनै पनि स्थानीय तहले स्थानीय अदालत सम्बन्धी कानुन निर्माण गर्ने तथा अदालत स्थापना गर्ने कार्य गरेको छैन। स्थानीय अदालतको व्यवस्था गर्न तथा संविधानको धारा १२७ (२) ले व्यवस्था गरेको स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसारका निकाय गठन गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन (मुद्दा नं ०८१–डब्लुओ–००४८) दायर भई हाल विचाराधीन रहेको अवस्था छ। साथै कानुन व्यवसायी राष्ट्रिय सम्मेलन २०८१ ले न्यायपालिकाको पुनर्संरचनाको माग राख्दै काठमाडौँ घोषणापत्र जारी गरेको छ। जसको बुँदा १३ मा ‘स्थानीय तहमा रहेका न्यायिक समितिलाई मेलमिलाप गर्ने भूमिकामा सीमित गर्नेन्र संविधानको अनुसूची ८ मा उल्लेख भएको व्यवस्था अनुसार स्थानीय अदालत गठन गरी मेलमिलापबाट समाधान हुन नसकेका मुद्दाहरू न्यायिक समितिले स्थानीय अदालतमा पठाउनेन्र हरेक स्थानीय तहमा आवश्यकता अनुसार स्थानीय तहको अदालत स्थापना गरी स्थानीय अदालतसम्बन्धी व्यवस्था गर्ने र स्थानीय अदालतका न्यायाधीशको नियुक्ति, कार्य क्षेत्र र सेवाको सर्त तर्जुमा गर्ने कानुन निर्माणसम्बन्धी अधिकार प्रदेश सरकारलाई दिने’ लगायत विषय उल्लेख छन्।

स्थानीय अदालतको स्थापनाका लागि एकातर्फ कानुनी लडाइँ चलिरहेको र अर्कोतर्फ नेपाल बार एसोसिएसन लगायत निकायले समेत जोडदार माग गरिरहेको परिस्थिति छ। यसले नेपालको न्यायिक संरचनामा फेरबदल हुनुपर्ने र संरचना थप परिष्कृत हुनुपर्ने औँल्याइरहेको छ। स्थानीय अदालतको स्थापनाले सानातिना विवादको समाधानलाई सहजीकरण गर्ने र यसले जिल्ला तथा उच्च अदालत धाउनुपर्ने बाध्यताको अन्त्य भई समग्र न्यायपालिकाको भार कम हुने भन्ने विश्लेषण संविधान निर्माणको समयमा भएको थियो। यद्यपि उक्त व्यवस्थाको अवमूल्यनका कारण संविधानले परिकल्पना गरेको उद्देश्यको पूर्ति हुन सकेको छैन। स्थानीय अदातलको स्थापना गरी न्यायपालिकालाई नयाँ ट्र्याक दिनु आज अपरिहार्य भइसकेको छ।

**विशिष्टीकृत अदालत, बेन्च तथा न्यायाधिकरण**

न्याय सम्पादन गर्ने न्यायिक निकाय सक्षम हुनुपर्छ। सक्षम न्यायपालिकाले मात्र प्रभावकारी न्यायसम्पादन गर्न सक्छ। न्यायसम्पादनको प्रक्रिया भनेको फैसला गर्ने मात्र नभई न्याय गरेको देखिने अवस्थाको सिर्जना गर्नु हो। न्याय प्रणालीमा जनताको पहुँचको प्रभावकारी सुनिश्चितता र विवाद निरुपणका विषयमा दख्खल राख्ने विशिष्टीकृत अदालतहरूको स्थापनाले समग्रमा न्यायपालिकाप्रति जनताको विश्वास बढाउँछ र गुणस्तरीय न्याय सम्पादन हुने परिस्थितिको सिर्जना गर्छ।

हाम्रो संविधानको धारा १५२ ले खास किसिम र प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्न विशिष्टीकृत अदालत वा न्यायाधिकरणहरूको स्थापना गर्न सक्ने व्यवस्था गरेको छ। संविधानको उक्त व्यवस्थाका आधारमा थुप्रै ऐनहरूमा विशिष्टीकृत अदालतहरूको स्थापना गर्ने प्रावधान राखिएको छ। ती अदालत कुनै गठन भइसकेका छन्न्र कुनै गठन हुन बाँकी छन् भने सूचना प्रविधि न्यायाधिकरणजस्ता कुनैको गठन र संरचना दुवै विवादमा छन्। समग्रमा विशिष्टीकृत अदालतहरू जुन उद्देश्यका स्थापित छन्, तिनको उद्देश्यपूर्ण रूपमा पालना हुन सकेको छैन। विशिष्टीकृत अदालतहरूले आफ्नो क्षेत्राधिकार अन्तर्गत पर्ने विवादमा गरेका फैसला अन्तिम हुने भनी कानुनी व्यवस्था भए पनि सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र प्रयोग भई विशिष्टीकृत अदालतहरूको फैसला पुनर्विचार हुने प्रचलन रही आएको छ। यसले गर्दा विशिष्टीकृत अदालतले न्याय पार्न सहयोग गर्ने तथा प्रभावकारी न्याय–सम्पादन हुने भन्ने विश्वासमा तुषारापात हुन पुगेको छ।

न्यायपालिकाको विकृति, विसङ्गतिसम्बन्धी पूर्वप्रधान न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदनले समेत न्यायपालिकाको संरचनागत सुधारको आवश्यकतालाई स्वीकार गरेको छ। कार्कीको प्रतिवेदनमा विशिष्टीकृत अदालत प्रभावकारी नदेखिएको हुँदा संरचनागत सुधार गरी व्यावसायिक निकायको रूपमा समयसापेक्ष विकास गर्नुपर्ने सुझाव दिएको छ। विशिष्टीकृत अदालत तथा बेन्चहरूले आफ्नो विषयगत विज्ञतासँग सम्बन्धित विवादमा न्याय पार्ने गरी विवाद समाधान गर्न सक्छ भनी काठमाडौँ जिल्ला अदालतमा महिलावादी हुने पारिवारिक विवादको निरूपणका लागि पारिवारिक इजलास गठन गरी न्यायसम्पादन प्रक्रिया सुरु गरिएको केही समय भएको छ। पारिवारिक इजलासको गठनले सार्वजनिक वृत्तमा उब्जाएको महत्त्वपूर्ण बहस भने विशिष्टीकृत बेन्चहरूको न्यायसम्पादनको गुणस्तरको मात्र नभई यी बेन्चहरूले मुद्दाको प्रक्रिया र न्यायसम्पादनका गतिमा पार्न सक्ने प्रभावको विषयमा हो ।

महिलावादी हुने अंश लगायत मुद्दा पारिवारिक इजलासले महत्त्वका साथ हेरे पनि त्यसको प्रक्रिया पूरा गर्ने, मुद्दामा तारेख तोक्ने, आदेश कार्यान्वयन गर्ने लगायतको कार्यमा भने नियमित अदालतको कर्मचारी नै रहने व्यवस्था पारिवारिक फाँटबाट हुने हुँदा भिन्न इजलास गठनले मात्र न्यायको पहुँचमा सकारात्मक प्रभाव पार्न तथा न्यायसम्पादनको गतिमा तीव्रता दिन सकेको छैन। पारिवारिक इजलासको सहयोगार्थ बनाइएको पारिवारिक फाँटको कार्यबोझ धेरै हुँदा यो इजलासमा चल्ने मुद्दाको प्रक्रिया तथा फैसलापश्चात् फैसला लेखनको कार्य छिटोछरितो भने छैन।

न्यायपालिकाको एक महत्त्वपूर्ण विशेषता भनेको यसको न्यायिक आत्मसंयमता नै हो, तर अंश लगायत पारिवारिक विषयका सम्बन्धमा बनेका कानुनहरूको व्याख्यामा हरेकपटक संयमता अपनाउँदा कतिपय अवस्थामा कानुनको उद्देश्य पूर्ति नहुन सक्छ। कुनै निश्चित अवस्थामा अंश दिने, निश्चित सम्पत्ति मात्र भाग लाग्ने भन्ने विषयलाई आज ‘रिस्ट्रेन्ड’ तरिकाले व्याख्या गर्नु हुँदैन। यसको विधिशास्त्रीय विकास क्रमलाई नयाँ ट्र्याक दिन र विवादका विषयवस्तुलाई विवादको प्रकृति अनुरूप सापेक्ष व्याख्या गर्नका निमित्त नियमित अदालतको वैचारिक धरातलभन्दा भिन्न धरातलीय यथार्थमा टेकेको न्यायिक संरचना आवश्यक हुन्छ। आज भारतमा फरक–फरक उच्च अदालतहरूले अंश तथा सम्पत्तिसम्बन्धी मुद्दाकै सम्बन्धमा फरक–फरक किसिमको फैसला गरिरहँदा विशिष्टीकृत फ्यामिली कोर्ट बनाई फैसलाहरूमा सामञ्जस्यता कायम गर्ने, पारिवारिक कानुनको विधिशास्त्रको एकत्रित विकास गर्नुपर्ने भन्ने बहस सतहमा रहेको छ। त्यसैले अंश मुद्दाका विषयवस्तुसँग सम्बन्धित मुद्दा हेर्न नयाँ फ्यामिली कोर्ट बढी प्रभावकारी हुन्छ कि भन्ने बहसको आवश्यकता नेपालमा पनि भइसकेको छ। पारिवारिक विवादका लागि छुट्टै अदालत हुने संरचना किँरातकालमै रहेको इतिहास बोकेको नेपाली माटोलाई यो बहस असान्दर्भिक र अपाच्य पनि हुँदैन।

**अब हुनुपर्ने बहस**

न्यायपालिका आवश्यकता अनुसार परिमार्जन हुँदै जान्छन्र नयाँ प्रविधिको विकासन्र प्रवृत्ति र कानुनको फेरबदल अनुसार परिष्कृत हुँदै पनि जान्छ। भौगोलिक रूपमा टाढा रहेका कारण न्यायको पहुँच कमजोर हुने परिस्थितिलाई सहज गर्नका लागि ल्याइएको अनलाइन तारेख लिनेजस्ता कानुनी प्रावधानका कारण न्यायमा पहुँच केही थप सहज भएको छ। न्यायपालिकाको पुनर्संरचना गर्ने, केन्द्रीय राजधानी काठमाडौँमा संवैधानिक इजलास मात्र राखी सर्वोच्च अदालतका नयाँ मुकाम प्रदेशमा तोक्ने, विशिष्टीकृत अदालतहरूलाई प्रभावकारी बनाउने, जनताका घरदैलोमा स्थानीय अदालतहरू स्थापना गर्नेदेखि संघीय संरचनामा न्यायपालिकालाई लैजाने बहस जारी रहिरहनुपर्ने तथा अझ थप बुलन्द हुनुपर्ने देखिन्छ। न्यायपालिकाको अनुभूति आम जनताले गर्न पाउनका लागि यी बहसको निराकरण पनि आवश्यक छ।

# पुरुष भन्दा महिलालाई धेरै देखिने थाइराइड रोगबारे विस्तृतमा जानौं

मे २५– विश्व थाइरोइड दिवस। विश्व थाइराइड दिवसले हामीलाई थाइराइड रोगप्रति सचेत रहन र समयमै जाँच गराउन प्रेरित गर्छ। यसबारे जानकारी राखेर समयमै पहिचान गरी निदान गर्न सके परिवार तथा समुदायमा थाइराइडरोगको बोझ कम गर्न सक्छौं।

**के हो थाइराइड ?**

थाइराइडएउटा सानो तर अत्यन्त महत्वपूर्ण ग्रन्थी हो। हाम्रो घाँटीमा रहेने यो पुतली आकारको हुन्छ। शरीरको मेटाबोलिजम (ऊर्जा), मुटुको चाल, तापक्रम, शारीरिक वृद्धि जस्ता धेरै महत्त्वपूर्ण कार्यहरूलाई नियन्त्रण गर्दछ। थाइराइड ग्रन्थीले उत्पादन गर्ने हर्मोनको कमी वा बढी उत्पादनले विभिन्न स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ। थाइराइडका गड्बडी बुझ्न तलका २ वटा केसहरू हेरौं।

**केस १ : सुस्तता र चिसोपनको गुनासो**

दोलखाको एक गाउँबाट आएकी थिइन् ४५ वर्षीया राममाया। उनले पछिल्लो ६ महिनादेखि निरन्तर थकित महसुस गरिरहेकी थिइन्। जाडो नलागे पनि उनलाई सधैं चिसो लाग्थ्यो र उनको छाला सुख्खा हुँदै गएको थियो। कब्जियतको समस्या पनि थियो र तौल बढेको थियो, यद्यपि उनले धेरै खाएकी थिइनन्। उनको महिनावारी पनि अनियमित हुनथालेको थियो। परिवारले सुरुमा उनी सामान्य रूपमा कमजोर भइन् होला भन्ठाने, तर जब उनको लक्षणहरू झन् बिग्रँदै गए, तब उनी चिकित्सककहाँ पुगिन्। साधारण रक्त परीक्षणले नै उनलाई हाइपोथाइराइडिज्म (थाइराइड हर्मोनको कमी) भएको पत्ता लाग्यो।

**केस २ : मुटुको धड्कन र छटपटी**

एक कलेजमा अध्ययनरत २८ वर्षीया सिर्जनालाई पछिल्लो केही महिनादेखि अत्याधिक बेचैन महसुस हुन्थ्यो। उनको मुटुको धड्कन सधैं तेज हुन्थ्यो, हातहरू काँप्थे र अचानक तौल घट्दै गयो। यद्यपि उनले सामान्य भन्दा बढी खाइरहेकी थिइन्। उनलाई निद्रा नलाग्ने र गर्मी सहन नसक्ने समस्या पनि थियो। सुरुमा उनलाई तनावका कारण यस्तो भएको होला भन्ने लागेको थियो। तर, जब उनको लक्षणहरू झनै बढ्दै गए, तब उनी डाक्टरकहाँ गइन्। उनलाई गरिएको परीक्षणले हाइपरथाइराइडिज्म (थाइराइड हर्मोनको बढी उत्पादन) भएको पुष्टि भयो। यी दुईवटा घटनाले थाइराइड रोगका विविध लक्षणहरूलाई स्पष्ट पार्दछ, जुन प्रायः अन्य सामान्य स्वास्थ्य समस्याहरूसँग मिल्दोजुल्दो हुन सक्छ। एउटा सामान्य व्यक्तिले बुझ्ने गरी दुई रोग बीचको भिन्नतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**थाइराइड रोगको अवस्था**

विश्व स्वास्थ्य संगठन डब्लुएचओका अनुसार विश्वभर करिब ४ करोड २० लाख मानिसहरू थाइराइडरोगबाट प्रभावित छन्। अमेरिकन थाइराइड एसोसिएसन (एटीएका) का अनुसार, लगभग २ करोड अमेरिकीहरूलाई कुनै न कुनै प्रकारको थाइराइड रोग छ छ। तर तीमध्ये ६० प्रतिशतले आफूलाई रोग लागेकोबारे थाहा पाउँदैनन्। नेपालमा गरिएको एक अध्ययनअनुसार, नेपालको कुल जनसंख्यामा थाइराइड रोग ४.३२ प्रतिशत छ। जसमध्ये सबक्लिनिकल हाइपोथाइराइडिज्म धेरै (७२.४१ प्रतिशत) छ। पुरुषहरूको तुलनामा यो रोग महिलामा दोब्बर रहेको तथ्यांकले देखाउँछ। उमेर बढ्दै जाँदा जोखिम बढ्छ। नेपालको हिमाली र पहाडी क्षेत्रमा आयोडिनको कमीले थाइराइडरोगको जोखिम बढाएको छ।

**जनचेतना किन महत्वपूर्ण छ ?**

थाइराइड रोगका लक्षणहरू अस्पष्ट र विविध हुने भएकाले धेरै व्यक्तिहरूलाई वर्षौंसम्म आफूलाई यो रोग लागेको थाहा नहुन सक्छ। समयमै रोग पत्ता नलाग्दा र उपचार नहुँदा विभिन्न जटिलताहरू निम्तिन सक्छन्। सचेतनाले मानिसहरूलाई आफ्ना लक्षणहरू पहिचान गर्न र समयमै चिकित्सा सहायता खोज्न प्रोत्साहन गर्छ। यसले गर्दा रोगको जटिलताबाट बच्न र जीवनको गुणस्तर सुधार गर्न मद्दत पुग्छ।

**थाइराइडरोगका जटिलताहरू**

- मुटु रोगहरू (जस्तै, हृदयघात, अनियमित मुटुको धड्कन)
- उच्च रक्तचाप
- बाँझोपन/ गर्भपात
- मानसिक स्वास्थ्य समस्याहरू (डिप्रेसन, चिन्ता)
- गलगाँड
- माइक्सिडेमा कोमा (हाइपोथाइराइडिज्मको एक गम्भीर अवस्था)
- थाइराइड स्ट्रोम (हाइपरथाइराइडिज्मकोको एक गम्भीर अवस्था)

**अवस्था अनुसार थाइराइड रोगको प्रभाव**

**गर्भवती महिलामा**

गर्भावस्थामा थाइराइड हर्मोनको सन्तुलन महत्वपूर्ण हुन्छ। गर्भवती महिलामा अनुपचारित हाइपोथाइराइडिज्मले गर्भपात, समयपूर्व जन्म, शिशुको कम तौल, र शिशुको मानसिक विकासमा समस्या निम्त्याउन सक्छ। हाइपरथाइराइडिज्मले पनि शिशुको तौलमा कमी, आमामा प्रि–एक्लाम्पिसिया जस्ता जटिलताहरू निम्त्याउन सक्छ।

**बच्चाहरूमा**

जन्मजात हाइपोथाइराइडिज्मले बच्चाको शारीरिक र मानसिक विकासमा गम्भीर असर पार्न सक्छ। बालक सुस्त मनस्थितिका हुने, समयमै उपचार नभएमा स्थायी मानसिक अपाङ्गता पनि हुन सक्छ। बढ्दो उमेरका बच्चाहरूमा वृद्धिमा ढिलाइ, विद्यालयमा कमजोर प्रदर्शन र तौल धेरै बढ्ने जस्ता समस्याहरू देखिन सक्छन्।

**किशोरीहरूमा**

यौवनावस्थामा शरीरमा धेरै परिवर्तनहरू भइरहेका हुन्छन्। थाइराइड रोगले महिनावारी अनियमितता, मनोवृत्तिमा परिवर्तन, तौलमा समस्या र विद्यालयको प्रदर्शनमा असर पार्न सक्छ।

**वयस्कहरूमा**

वयस्कहरूमा थाइराइड रोगले ऊर्जाको कमी, तौलमा परिवर्तन, मुटुको समस्या, कोलेस्ट्रोलको स्तरमा वृद्धि, यौन स्वास्थ्यमा असर र मानसिक स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ।

**विशेष विषयहरू**

**हृदय रोग र थाइराइड**

हाइपोथाइराइडिज्मले कोलेस्ट्रोलको स्तर बढाउँछ र रक्तचापमा वृद्धि गर्छ, जसले हृदय रोगको जोखिम बढाउँछ। हाइपरथाइराइडिज्मले मुटुको धड्कन अनियमित (एट्रियल फिब्रिलेसन) र उच्च रक्तचाप निम्त्याउँछ।

**डिसलिपिडेमिया**

हाइपोथाइराइडिज्मले खराब कोलेस्ट्रोल(एलडीएल) र ट्राइग्लिसराइडको स्तर बढाउँछ, जसले रक्तनलीहरूमा अवरोध निम्त्याउँछ।

**–वृद्धावस्थामा**

वृद्ध व्यक्तिहरूमा सबक्लिनिकल हाइपोथाइराइडिज्म सामान्य हुन्छ, तर थाइराइड स्टिमुलेटिङ हर्मोन(टीएसएच) स्तर ५ भन्दा माथि हुँदा सधैं उपचार आवश्यक हुँदैन, विशेष गरी यदि लक्षणहरू छैनन् भने।

**गर्भावस्थामा**

गर्भावस्थामा टीएसएच स्तर २.५ भन्दा कम राख्नुपर्छ, विशेष गरी थाइराइड पेरोक्सिडेज(टीपीओ) एन्टिबडी पोजेटिभ भएमा, गर्भपात र भ्रूणको विकासमा जोखिम कम गर्न।

**टीएसएच ५ को उपचार**

सबै अवस्थामा टीएसएच ५ हुँदा उपचार आवश्यक हुँदैन। वृद्धहरू, मुटुरोग भएका बिरामी वा लक्षणविहीन बिरामीहरूमा 'प्रतीक्षा र अवलोकन' रणनीति अपनाउन सकिन्छ।

**टीपीओ र अन्य एन्टिबडीको महत्त्व**

टीपीओ एन्टिबडीको उच्च स्तरले हासिमोटो थाइराइडाइटिस र सबक्लिनिकल हाइपोथाइराइडिज्मको प्रगतिलाई संकेत गर्छ। गर्भावस्थामा टीपीओ पोजेटिभ भएमा लेभोथाइराक्सिन उपचारले जटिलताहरू कम गर्न सक्छ।

**थाइराइडरोग भएका बिरामीले ध्यान दिनु पर्ने कुराहरू**

- चिकित्सकले सिफारिस गरेको औषधि (जस्तै लेभोथायरोक्सिन) समयमै र सही मात्रामा लिनुहोस्। औषधि खाली पेटमा, प्रायः बिहान खानु उपयुक्त हुन्छ।
- हाइपोथाइराइडभएकाले आयोडिनयुक्त खाना (जस्तै समुद्री माछा, दूध, नुन) सन्तुलित मात्रामा खानुहोस्। हाइपरथाइराइडभएकाले आयोडिन कम भएको खाना रोज्नुहोस्।
- फाइबरयुक्त खाना, हरियो सागसब्जी, फलफूल, र साबुत अन्न खानुहोस्।
- प्रशोधित खाना र चिनी सकेसम्म कम गर्नुहोस्।
- थाइराइडहर्मोन स्तर (टीएचएस, टी३, टी४) नियमित जाँच गर्नुहोस् र चिकित्सकको सल्लाह लिनुहोस्।
- हल्का व्यायाम (जस्तै हिँड्ने, योग) ले तौल नियन्त्रण र ऊर्जा स्तर कायम राख्न मद्दत गर्छ। हाइपरथाइराइड भएकाले अत्याधिक व्यायामबाट बच्नुहोस्।
- ध्यान, योग र गहिरो सास लिने अभ्यासले तनाव कम गर्न सकिन्छ, जुन थाइराइडरोगमा महत्त्वपूर्ण छ।
- कतिपय खानाबाट सावधानी अपनाउनुपर्छ। ब्रोकली, बन्दागोभी, काउली जस्ता खानाले थाइराइडकार्यलाई असर गर्न सक्छ, विशेष गरी काँचो खाँदा। यिनलाई पकाएर खानु राम्रो हुन्छ।
- धूम्रपान र मदिराबाट टाढा रहनुहोस्, यिनले थाइराइडरोगलाई थप जटिल बनाउन सक्छ।
- पर्याप्त र गुणस्तरीय निद्रा लिनुहोस्, किनकि थाइराइडले निद्रा र ऊर्जा स्तरलाई असर गर्छ।
- कुनै नयाँ लक्षण (जस्तै थकान, तौल बढ्ने/घट्ने, मुटुको धड्कनमा परिवर्तन) देखिए तुरुन्त चिकित्सकलाई भेट्नुहोस्।
- अन्य औषधिको सेवन गर्दा समय मिलाएर सेवन गर्नुहोस्। अन्य औषधि (जस्तै क्यालिसयम, फलामको चक्की) ले थाइराइडऔषधिको प्रभावलाई कम गर्न सक्छ यस्ता औषधि कम्तीमा ४ घण्टाको फरकमा लिनुहोस्।

**चिकित्सकको भूमिका**

थाइराइड रोग सम्बन्धी उपचार गर्ने चिकित्सकले यस रोगबारे जागरूकता फैलाउन, सही निदान गर्न, उचित उपचार प्रदान गर्न र समुदायलाई मार्गदर्शन गर्न महत्वपूर्ण भूमिका खेल्छन्।

- थाइराइडरोगका लक्षणहरूबारे जनचेतना फैलाउने।
- टीएसएच, टी३, टी४ र टीपीओ एन्टिबडी परीक्षणहरू मार्फत सही निदान गर्ने।
- जोखिममा रहेका व्यक्तिहरू (परिवारमा थाइराइड रोगको हिस्ट्री भएका, गर्भवती महिला, नयाँ जन्मेका शिशु) लाई परीक्षण गराउन प्रोत्साहित गर्ने।

**किन महत्वपूर्ण छ फलोअप ?**

थाइराइड रोगको उपचार जीवनभर चल्ने प्रक्रिया हो। नियमित फलो–अपले औषधिको मात्रा सही छ कि छैन, हर्मोनको स्तर नियन्त्रणमा छ कि छैन, र कुनै जटिलताहरू विकसित भइरहेका छन् कि छैनन् भनी सुनिश्चित गर्छ।

**फलोअप कसरी गर्ने ?**

सुरुमा, डाक्टरले औषधिको मात्रा समायोजन गर्न प्रत्येक ४–६ हप्तामा रक्त परीक्षण र फलो–अपको सिफारिस गर्न सक्छन्। एक पटक हर्मोनको स्तर सामान्य भएपछि, प्रायः हरेक ६–१२ महिनामा नियमित जाँच (टीएचएस परीक्षण) र चिकित्सकसँगको परामर्श आवश्यक हुन्छ यदि लक्षणहरू पुनः देखा परेमा वा परिवर्तन भएमा तुरुन्तै चिकित्सकलाई भेट्नु पर्छ।

**राज्यस्तर गरिनुपर्ने कार्यहरू**

- ग्रामीण र सहरी क्षेत्रमा थाइराइड रोगका लक्षण, जोखिम कारक, र उपचारका बारेमा जानकारी फैलाउनुपर्छ।
- स्वास्थ्यकर्मीहरूलाई थाइराइड रोगको पहिचान र प्रारम्भिक व्यवस्थापनका बारेमा तालिम दिनुपर्छ।
- दुर्गम क्षेत्रहरूमा समेत थाइराइड परीक्षण (टीएचएस, टी३, टी४) का लागि सस्तो र पहुँचयोग्य प्रयोगशाला सेवाहरू उपलब्ध गराउनुपर्छ।

# दाइजो प्रथाविरुद्धको ऐन कानुनको प्रभावकारी कार्यान्वयन हुनु पर्नेमा जोड



**धर्वेन्द्र झा**

जनकपुर, ११ जेठ। मधेश प्रदेशमा बाल विवाह र दाइजो प्रथा नियन्त्रणका लागि निर्माण भएका ऐन कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। प्रदेश स्तरीय सञ्जाल मधेश प्रदेशले आइतबार जनकपुरधाममा आयोजित 'मधेश प्रदेशमा बाल विवाह तथा दाइजो प्रथा विरुद्धको नीति तथा कानुनको कार्यान्वयन, अवस्था, चुनौती र सरोकारवालाको भूमिका' विषयक कार्यक्रममा बाल विवाह नियन्त्रणका लागि तीन तहको सरकारबाट विभिन्न प्रकारको ऐन, कानुन निर्माण भएको र यसको कार्यान्वयन पक्ष प्रभावकारी हुनुपर्नेमा सरोकारवालाले जोड दिएका हुन्।

मधेश प्रदेश सभाका महिला बालबालिका तथा समाजिक न्याय समितिका सभापति रुपा यादवले कानुनको निर्माण गरेर मात्रै बाल विवाह र दाइजो प्रथा न्यूनीकरण गर्न नसकिने बताइन्। निर्माण भएका कानुन प्रभावकारी कार्यान्वयनका लागि जनचेतनाको स्तर वृद्धि गर्नुपर्ने उहाँको भनाइ छ। उनले एक्लो प्रयासले बालविवाह न्यूनीकरण गर्न नसकिने भन्नुहुँदै बालविवाह अन्यका लागि सबैको साझा प्रयास आवश्यक भएको बताउनुभयो। बालविवाहको अवस्था र निर्माण भएका कानुनको बारेमा आफ्नो प्रस्तुति गर्नुहुँदै मुख्यन्यायाधिवक्ता कार्यालय मधेश प्रदेशका उप न्यायधिवक्ता सुदीप दंगालले १८ वर्ष नपुगी बालविवाह गर्ने ३७ दशमलव २ प्रतिशत, १८ देखि २० वर्ष उमेर नपुगी विवाह गर्ने ३८ दशमलव ७ प्रतिशत, तराई मधेशका २० जिल्लामा बाल विवाह गर्ने ४२ दशमलव २ प्रतिशत रहेको बताए।

उनले बाल विवाह गर्ने गराउनेलाई समाजिक रुपमा बहिष्कार गर्नुपर्ने भन्नुहुँदै दाइजो प्रथाविरुद्ध २०३३ सालमा आएको समाजिक व्यवहार सुधार ऐनको संशोधन गरी प्रभावकारी कार्यान्वयन गर्नसके सुधार आउन सक्ने बताए। उनले दक्षिण एसियामा बंगलादेश, भारतपछि नेपाल तेस्रो स्थानमा रहेको चर्चा गर्नुहुँदै नेपालमा अझै पनि ३५ प्रतिशत बढी बालविवाह हुने गरेको तथ्याङ्क प्रस्तुत गरे। कार्यक्रममा मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक प्रमोदकुमार साहले आफ्नो प्रस्तुती राख्नुहुँदै आर्थिक वर्ष २०८१/०८२ मा बालविवाह सम्बन्धी १७ वटा र दाइजो प्रथा सम्बन्धी ८ वोटा मुद्दा दर्ता भएको जानकारी दिए। उनले समाजमा बालविवाह भइरहदा पनि कसैले उजुरी नदिन नचाहने कारणले प्रहरीलाई कारवाही गर्न समस्या हुने सुनाए।




संजिव लामा
वडा अध्यक्ष
६ नं. वडा कार्यालय
गोलबजार नगरपालिका, सिरहा

# तरकारीमा आफूखुसी विषादी प्रयोग



सर्लाही, ११ जेठ। व्यावसायिक रूपमा तरकारी उत्पादन गर्ने किसानले उत्पादन बढाउन आफूखुसी कीटनाशक विषादी प्रयोग गर्ने प्रवृत्ति बढ्न थालेको छ। पछिल्लो समय सर्लाहीमा उत्पादन भएको बोडी काठमाडौँको बल्खु तरकारी बजारमा परीक्षण गर्दा बारम्बार विषादीको अत्यधिक मात्रा पाइएको छ। लालबन्दी तरकारी बजारमै रहेको विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइ लालबन्दीमा पनि जेठ १ गते बोडीमा विषादीको मात्रा परीक्षण गर्दा एक जना व्यापारीले ईश्वरपुर नगरपालिका-४, सागरनाथका किसानसँग खरिद गरेको मिटर बोडीमा ६०.३०४ प्रतिशत अर्गानोफस्फेट नामक विषादीको अवशेष पाइएको थियो। अत्यधिक विषादी भेटिएपछि ६७ किलोग्राम बोडी नष्ट गरिएको थियो। त्यसपछि पनि परीक्षण गर्दा बारम्बार बोडीमा अत्यधिक विषादीको मात्रा फेला परिरहेको छ।

तरकारी उत्पादन गरेर ल्याउने किसानले किटनाशक विषादी प्रयोग नगरी तरकारी फलाउनै नसक्ने अवस्था रहेको र के कति मात्रामा विषादी प्रयोग गर्ने भनी आफूहरूसँग ज्ञान पनि नरहेको बताएका छन्। २०५२ सालदेखि तरकारी खेती गर्दै आएका लालबन्दी नगरपालिका-१०, चन्द्रपुरका किसान रमेश भुजेलले विषादी नहाली तरकारीमा रोग, किराको प्रकोप लागि हाल्ने र त्यस्तो तरकारी बिक्री गर्नै समस्या पर्ने बताए। विषादी अत्यधिक हालेपछि हेर्दा राम्रो देखिने सर्लक्क परेको तरकारी हुने र उपभोक्ताले पनि त्यस्तै तरकारी रुचाउने उनको अनुभव छ। "विषादी नहाले त तरकारी फल्दै फल्दैन, किन्ने मान्छेले पनि सर्लक्क र हेर्दा चिटिक्क परेको तरकारी किन्छन्," उनले भने, "त्यस्तो तरकारी फलाउन त दिनैपिच्छे विषादी छिट्नै पर्‍यो।"

बजारमा तरकारी बिक्री गर्न ल्याउने अधिकांश किसानले तरकारीमा विषादीको प्रयोग कसरी गर्ने भन्ने विषयमा ज्ञान नरहेको बताउने गरेका छन्। बजारका एग्रोभेटबाट विषादी लगेर दिनैपिच्छे जसो विषादी छिट्दै आएको किसानको भनाइ छ। लालबन्दी थोक तरकारी बजारको अध्यक्षसमेत रहेका किसान प्रमोद थपलियाले विषादीको जथाभावी प्रयोग रोक्न कतैबाट पहल नहुँदा दिनानुदिन भयावह रूपमा विषादी हालेर तरकारी फलाउने क्रम चलिरहेको बताए। काठमाडौँको बल्खु र लालबन्दी बजारमै रहेको प्रयोगशालामा परीक्षण गर्दा बोडीमा उपभोग अयोग्य हुने गरी विषादीको भएको पाइएपछि जनप्रतिनिधि, स्थानीय एग्रोभेट सञ्चालक, कृषि प्राविधिक, व्यापारी, किसानलगायत सबै सरोकारवालालाई राखेर छलफल गरिएको उनले बताए।

आफूखुसी विषादी प्रयोग गरेर हतार हतार बजारमा ल्याएर विषादी हालेकै दिनको तरकारी बेच्ने गरेको पाइएको थपलियाको भनाइ छ। "तत्काले बिक्री नगरे तरकारी ओइलाउने र किरा लाग्ने चिन्ता किसानमा छ, त्यसैले तरकारी हालेकै दिन पनि तरकारी बजारमा ल्याएर बिक्री गर्ने किसान धेरै छन्," उनले भने। विषादीको आफूखुसी प्रयोग रोक्न सरकारले नै सचेतना जगाउने र विशेष किमिसको नीति ल्याउन आवश्यक रहेको उनको धारणा छ।

केन्द्रीय कृषि प्रयोगशालाले लालबन्दी बजारमा स्थापना गरेको विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालामा दैनिक १० जना किसानले बेच्ने ल्याउने तरकारीको नमुनाका रूपमा विषादी परीक्षण भइरहेको छ। जेठ १ गते अत्यधिक विषादी फेला परेपछि व्यापारीले खरिद गरिसकेको तरकारी नष्ट गरेको भन्दै व्यापारीले विरोध जनाएका थिए। त्यसको भोलिपल्ट व्यापारीले किसानबाट तरकारी नै खरिद नगर्ने अवस्था सिर्जना भएको थियो। व्यावसायिक रूपमा आफैँ तरकारी फलाएर बिक्री गर्दै आउनुभएको लालबन्दी नगरपालिकाका उपप्रमुख कल्पनामाया पाख्रिनले किसानले विषादीको प्रयोग बढाउँदै लगेको र यसको नियन्त्रण गर्न नसकिरहेको स्विकाएको छ।

# मधेश प्रदेशको नीति तथा कार्यक्रम
# 'एक लाखलाई रोजगारी दिने'



वीरगन्ज, ११ जेठ। मधेश प्रदेश सरकारका उद्योग वाणिज्य तथा पर्यटनमन्त्री वसन्त कुशवाहले एक लाख जनालाई रोजगारी दिने अवधारणासहितको नीति तथा कार्यक्रम मधेश सरकारले ल्याउने बताएको छ। नेपाल होटेल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशको आयोजनामा वीरगन्जमा शनिबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले एक लाख नयाँ रोजगारी सिर्जनाा गर्न आवश्यक गृहकार्यमा सरकार लागिरहेको जानकारी दिए। मधेश प्रदेशको लगानी सम्भाव्यताका क्षेत्र कृषि, उद्योग तथा पर्यटनमार्फत रोजगारी सिर्जना गर्ने उद्देश्यसाथ त्यस्तो कार्यक्रम ल्याउने तयारी गरिरहेको उनले बताए।

मन्त्री कुशवाहाले मधेश प्रदेशभित्रका नयाँ पर्यटकीय क्षेत्र पहिचान पनि सरकारको प्राथमिकतामा रहेको धारणा राखे। यसका लागि सरकारले टुक्रे योजनाभन्दा पनि निश्चित गन्तव्य निर्माणमा लगानी गर्नेतर्फ गृहकार्य गरिरहेको उनले बताए।


## डिभिजन वन कार्यालय सिरहा लहानको अनुरोध

१. वन क्षेत्रको संरक्षण गरौ, वातावरण र विकास बिच सन्तुलन कायम गरौ।
२. कृषि वनलाई प्रवर्द्धन गरौ, भूमिको उत्पादकत्व वृद्धि गरी आर्थिक, सामाजिक तथा पर्यावरणीय समुन्नति कायम गरौ।
३. वनमा आगलागी हुन नदिऔं।
४. मानव वन्यजन्तु सह अस्तित्व कायम गरौ।
५. सामुदायिक वनको सक्रीय व्यवस्थापन गरौ, वन पैदावारमा आत्मनिर्भर बनौ।
६. वन र वन्यजन्तुको अवैध संकलन तथा ओसारपोसार नियन्त्रण गरौ, वन अपराधजन्य

**गैह कानूनी कार्यहरुलाई निरुत्साहित गरौ ।**

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय सिरहा**
**लहान**


# मिथिलामा डिप ट्युबेल विस्तार

**विजयकुमार साह**

ढल्केबर, ११ जेठ। धनुषाको मिथिला नगरपालिका-६, ढल्केबरका युवा किसान रोशन सिंहलाई सिँचाइ अभावमा खेत बाँझो राख्नुपर्ने समस्या हटेको छ। नगरपालिकाले हालै मात्र सिँचाइका लागि खेतनजिकै नयाँ डिप ट्युबेल गाडेपछि उहाँलाई आकासे पानीका भरमा खेती गर्नुपर्ने बाध्यता हटेको हो। विगतमा आकासे पानीका भरमा खेती गर्दै आएको बताउने सिंहले अब डिप ट्युबेलबाट सिँचाइ सुविधा पुगेपछि वर्षभरि खेतीका लागि चाहिने पानीको समस्या हटेको बताए। उनका अनुसार मिथिला नगरपालिकाका दक्षिणी क्षेत्र सिँचाइ सुविधाबाट वञ्चित क्षेत्र हो। यहाँका किसानलाई आकासे पानीका भरमा खेती गर्नुपर्ने बाध्यता थियो। त्यसैले वर्षभरि उत्पादन लिन सकिँदैनथ्यो तर अब सिँचाइको वैकल्पिक स्रोत उपलब्ध भएपछि वर्षामा मात्र होइन, सुक्खा समयमा पनि उत्पादन गर्न सकिने सिंहले बताए।

उनले भने, "सिँचाइ सुविधा नहुँदा खेतीका लागि आकासे पानीको भर पर्नुपर्ने बाध्यता थियो तर अब डिप ट्युबेल सञ्चालनमा आएपछि यो वर्षदेखि खेत सिँचाइ गर्न सहज हुन्छ।" नगरप्रमुख महेन्द्र महताले सिँचाइ क्षेत्र विस्तार गर्ने योजना अन्तर्गत डिप ट्युबेल गाड्ने काम गरिएको बताए। उनका अनुसार चालु आर्थिक वर्षमा पालिकाका विभिन्न स्थानमा गरी ३० वटा डिप ट्युबेल गाड्ने योजना अघि बढाएको छ। उनले भने, "सिँचाइ क्षेत्र विस्तार गर्न यो पहल थालिएको हो। अहिलेसम्म करिब १० वटा गाडिसकिएको छ, बाँकी असारभित्र सम्पन्न गर्ने लक्ष्य छ।" योजना अनुसार सबै ट्युबेल गाडिसकेपछि चार सय बिघा जमिनमा सिँचाइ सुविधा पुग्ने उहाँले जानकारी गराए।



उनका अनुसार यसअघि यहाँका किसानले सिँचाइका लागि इनारबाट काम चलाइरहेका थिए तर इनार खन्दा पनि ५०-६० हातसम्म खन्नुपर्ने र त्यसपछि पनि पानी नआउने समस्या थियो। इनार पनि सुक्खा समयमा सुक्ने गर्दथ्यो। यही समस्यालाई समाधान गर्न मिथिला नगरपालिकाले इनारको बजेट हटाएर डिप ट्युबेलमा प्राथमिकता दिएको नगरप्रमुख महतोको भनाइ छ।

नगरप्रमुख महतोले नगरपालिकाको योजनाबाहेक मधेश प्रदेश सरकारको सहयोग १० वटा डिप ट्युबेल गाड्ने काम भइरहेको छ त्यसबाट पनि करिब एक सय बिघा जमिनमा सिँचाइ सुविधा पुग्ने जानकारी दिए। त्यस्तै कमला सिँचाइ परियोजनामार्फत मिथिला नगरपालिका-४, पुष्पवलपुरमा एक करोडको लागतमा सिँचाइ योजनाको काम भइरहेको उनले बताए। नगरप्रमुख महतोले सिँचाइ सुविधा विस्तार गरेर किसानको जीवनस्तर उकास्ने काम गरिरहेको स्थानीय पशुपति महतोको भनाइ छ। डिप ट्युबेलमार्फत सिँचाइ सुविधा उपलब्ध भएपछि यस क्षेत्रका किसानलाई वर्षभरि कृषि उत्पादन गर्न सहज हुने उनले बताए। उनका अनसार बाली उत्पादनमा समेत विगतको तुलनामा वृद्धि हुने छ।

उनले भने, "विगतमा सिँचाइको भरपर्दो व्यवस्था नहुँदा यहाँका किसानले आकासे पानीको भर पर्नु पर्दथ्यो। अब सिँचाइको सुविधा भएपछि किसानले चाहेका बेला सिँचाइ गर्न पाउँछन्।"






मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)